नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।


प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : ९ फाल्गुन २०८२
११४६ चिल्लाथ्व चतुर्थी -४

विषय :- **विज्ञप्ति**

यस मन्त्रालयलाई गृह मन्त्रालयको पत्र संख्या ०८२/८३, च.नं. १११ मार्फत प्राप्त पत्र अनुसार मिति २०८२/१०/२३ मा गृह मन्त्रालयमा बसेको "जेनजी आन्दोलनका घाइतेहरूको उपचार र राहतलाई प्रभावकारी बनाउन गठित समन्वय समिति"को बैठकको निर्णय नं. २) अनुसार, सूचना प्रकाशन सम्बन्धमा: "स्वास्थ्य तथा जनसँख्या मन्त्रालयबाट जेनजी आन्दोलनका घाइतेहरूको सूचीकरण र वर्गीकरण/पुनर्बर्गीकरण सम्बन्धी काम हालसम्म निरन्तर रूपमा भइरहेको सम्बन्धमा सो मन्त्रालयबाट घाइतेहरूको सूचीकरण र वर्गीकरण/पुनर्वर्गीकरण सम्बन्धि कार्यलाई समयमै सम्पन्न गर्न अन्तिम मिति तोक्न अनुरोध भई आएको र सूचिकरणको लागि लामो समययावधि व्यतित भईसकेकोले मिति २०८२ फागुन १ गतेदेखि १५ गतेसम्म १५ दिने म्याद दिई अन्तिम सूचना प्रकाशन गरी उक्त अवधिमा विधिपूर्वक प्राप्त हुन आएका निवेदन उपर छानविन गरी घाइतेहरूको अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालय मार्फत स्वास्थ्य तथा जनसँख्या मन्त्रालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने।" भन्ने निर्णय भएअनुसार जेनजी आन्दोलनका क्रममा छुट भएका घाइतेहरूको विवरण जेनजी आन्दोलनका घाइतेहरूको उपचार गरेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूले विधिपूर्वक यस मन्त्रालयको इमेल ठेगाना heocmohp@gmail.com वा prabakta@mohp.gov.np मा मिति २०८२ फाल्गुन १५ गतेभित्र आइपुग्ने गरी पठाइदिनु हुन अनुरोध गर्दछौं।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता